मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क २७५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ कार्तिक १२ गते बुधबार ❑ 29 Oct. 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-

## मुस्ताङमा हिमपात: कागबेनीदेखि मुक्तिनाथसम्मको यात्रा नगर्न आग्रह

**पोखरापत्र संवाददाता**
मुस्ताङ, ११ कार्तिक

मुस्ताङमा यो यामकै पहिलो हिमपात भएको छ । उपल्लो मुस्ताङको कोरलानाका, लोमान्थाङ गाउँपालिकासहित मुक्तिनाथ क्षेत्रमा मंगलबार बिहानदेखि हिमपात भइरहेको जिल्ला प्रशासन कार्यालयले जनाएको छ।

प्रमुख जिल्ला अधिकारी विष्णुप्रसाद भुसालका अनुसार उपल्लो मुस्ताङको लोमान्थाङ-२ छोसर, कोरलानाका र मुक्तिनाथ क्षेत्रसहित उपल्लो मुस्ताङ र तल्लो मुस्ताङका उच्च लेकहरूमा वर्षासहित हिमपात भएको छ । त्यसैगरी, मुक्तिनाथ क्षेत्रमा हिउँ परेको मुक्तिनाथ विकास समितिका कर्मचारी रविन सुवेदीले जानकारी दिनुभयो । मुक्तिनाथमा बिहानैबाट निरन्तर हिउँ परिरहेकाले मन्दिरमा पुग्ने दर्शनार्थीलाई समस्या परेको जानकारीदिनुभयो । "मुक्तिनाथ क्षेत्रमा बाक्लो हिउँ पर्ने क्रम जारी छ, हिउँ पाँच-छ इन्च जति जमेको अवस्था छ", उहाँले भन्नुभयो, "जमिन तातो भएकाले जम्न सकेको छैन, यही रफ्तारमा हिउँ पर्ने क्रम केही भएमा दुई फिटसम्म हिउँ जम्छ ।" लोघेकर दामोदरकुण्ड गाउँपालिका अध्यक्ष लोप्साङ छोम्फेल विष्टका अनसार लोघेकर दामोदरकुण्डको उच्चलेकमा हिमपात भइरहेको र बस्ती नजिक वर्षासँगै आंशिक हिमपात भएको बताउनुभयो। "यस वर्ष कात्तिकमै हिउँ पर्‍यो, यहाँ दुई-तीनवर्षसम्म हिउँ पर्न सकिरहेको थिएन", अध्यक्ष विष्टले भन्नुभयो, "हिउँ पर्नु किसानका लागि निकै राम्रो पक्ष हो, यसले किसानले लगाएका अन्नबाली उत्पादनमा महत्त्वपूर्ण टेवा पुर्‍याउँदछ ।" यसैगरी वारागुङ मुक्तिक्षेत्रको खिङ्गा, झोङ, छेड्गुर, फल्याकलगायत उच्च स्थानका गाउँमा पनि बाक्लो हिउँ परेको वडाध्यक्ष प्रमेश गुरुङले जानकारी दिनुभयो । हिउँ परेसँगै चिसो अत्यधिक बढेकाले स्थानीय जनजीवनमा चिसोको प्रभाव पर्ने बताउनुभयो ।



यो यामको कात्तिकमै हिउँ परेकाले स्याउलगायत अन्नबालीलाई फाइदा पुगेको वडाध्यक्ष गुरुङले बताउनुभयो । हिउँले खेतीयोग्य जमिनको भित्री तहसम्म सिञ्चित गर्ने भएकाले हिउँदयामको किसानका लागि बरदान सावित हुने वडाध्यक्ष उहाँको भनाइ छ । यसै गरी जिल्ला प्रशासन कार्यालयले मुस्ताङको वारागुङ मुक्तिक्षेत्र-४ कागबेनीदेखि माथि मुक्तिनाथसम्मको यात्रा नगर्न अनुरोध गरेको छ । उक्त सडकमा बाक्लो हिमपात भएका कारण सडक दुर्घटनाको जोखिम रहेको उल्लेख गर्दै मुक्तिनाथ दर्शन गर्न जाने दर्शनार्थीहरूलाई यस्तो आग्रह गरिएको हो । जोमसोम-मुक्तिनाथ सडकखण्डअन्तर्गत कागबेनीदेखी साँघुरो र घुम्तीमोड भएको कालोपत्र सडकमा बाक्लो हिउँ जमेका कारण सवारीसाधन लिएर मुक्तिनाथको यात्रा नगर्न अनुरोध गरिएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक छिरिङ किप्पा लामाले जानकारी दिनुभयो । कागबेनी-मुक्तिनाथ सडकखण्डको कालोभिर, खिङ्गा, झारकोटलगायत स्थानका सडकमा बाक्लो हिउँ जमेकाले सवारीसाधन नलैजान यात्रा वर्गलाई अनुरोध गरिएको उहाँले बताउनुभयो ।

## अन्नपूर्ण आधार शिविरमा पदयात्रा रोकियो

**पोखरापत्र संवाददाता**
म्याग्दी, ११ कार्तिक

हल्का वर्षा सहित हिमपात भएपछि म्याग्दी र मुस्ताङका पर्यटकीयस्थलका भ्रमणमा गएका पर्यटक समस्यामा परेका छन् ।

गए रातिदेखि ती जिल्लाका पहाडी क्षेत्रमा हल्का वर्षा र माथिल्लो क्षेत्रमा हिमपात भएको छ । हिमपातका कारण घुम्न आएका पर्यटक बास बसेकै ठाउँमा रोकिएका मुस्ताङको वारागुङ मुक्तिक्षेत्र गाउँपालिका-१ का वडाध्यक्ष प्रमेश गुरुङले जानकारी दिनुभयो । "सडक र पदमार्गमा हिउँ जमेर यातायात सञ्चालन तथा पैदलयात्रा गर्न सक्ने अवस्था छैन", उहाँले भन्नुभयो, "जोखिम हुने भएकाले पर्यटक बास बसेको ठाउँबाट बाहिर निस्किएका छैनन् । ननिस्कन आग्रह समेत गरेका छौँ ।" मौसम विज्ञान विभाग, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण प्राधिकरण, म्याग्दी र मुस्ताङका जिल्ला प्रशासन कार्यालयले आजदेखि वर्षा र हिमपात हुने भएकाले पदयात्रामा नजान सोमबार सार्वजनिक सूचना जारी गरेकाले पर्यटक कम आएका जनाइएको छ । मुक्तिनाथ, लोमान्थाङ, चराङलगायत माथिल्लो क्षेत्रमा हल्का वर्षा सहित हिमपात भएको छ । म्याग्दीको अन्नपूर्ण आधार शिविर, पञ्चकुण्ड ताल, घोडेपानी, खोप्रालेक, मोहरेडाँडा, कोखेडाँडाका भ्रमणमा गएका पर्यटक पनि वर्षा र हिमपातका कारण प्रभावित भएका छन् ।

अन्नपूर्ण आधार शिविर जोड्ने मौरिस हर्जोग पदमार्गको प्रवेशबिन्दुमा रहेको हुमखोलाका होटल व्यवसायी तेज गुरुङले आज बिहानैदेखि पदमार्गमा आवतजावत नभएको जानकारी दिनुभयो । "अघिपछि दैनिक पाँच सय जना पर्यटक आएकामा सोमबार दुई सय जना जति आएका थिए", उहाँले भन्नुभयो, "वर्षात् र हिमपात भएकाले आजको पदयात्रा स्थगित गरेर बसेका छन् ।" अन्नपूर्ण गाउँपालिका-४ का वडाध्यक्ष लोकबहादुर पुनले गएराति १२:०० बजेसम्म यातायात व्यवस्थापन गरेर मौरिस हर्जोग पदमार्ग भएर अन्नपूर्ण आधार शिविरमा पुगेका पर्यटकलाई नारच्याङ र भुरुङ्ग तातोपानीमा झारिएको जानकारी दिनुभयो । घोडेपानीका होटल व्यवसायी डमबहादुर पुनले मौसममा खराबी आएपछि पर्यटकले पदयात्रा स्थगित गरेर बसेका जानकारी दिनुभयो ।

"पुनहिलको दृश्यावलोकन हेर्न र गन्तव्यतर्फ जाने पर्यटक बिहानैदेखि 'डाइनिङमा ब्रेक फास्ट' खाएर कोठामै बसेका छन्", उहाँले भन्नुभयो, "चिसोका कारण स्वास्थ्यमा समस्या आउने, हिउँले पदमार्ग ढाकिँदा बाटो बिराउने, लडेर दुर्घटना हुने जोखिम भएकाले पदयात्रा स्थगित गर्न अनुरोध गरेका छौँ ।"

## जोखिमयुक्त ठाउँमा पदयात्रा नगर्न कास्की प्रशासनको आग्रह

**पोखरापत्र संवाददाता**
पोखरा, ११ कार्तिक

गण्डकी प्रदेशका उच्च पहाडी तथा हिमाली भेगमा वर्षा र हिमपात भइरहेकाले पदयात्रामा जाँदा सतर्कता अपनाउन जिल्ला प्रशासन कार्यालय कास्कीले आज सार्वजनिक सूचनामार्फत सबैमा आग्रह गरेको छ । प्रतिकूल मौसमका कारण उत्पन्न हुने जोखिम र लेक लाग्नसक्ने समस्यालाई दृष्टिगत गरी अन्नपूर्ण आधार शिविर, मर्दी हिमाल, खुमै डाँडा, कोरीलगायतका ठाउँमा मौसम सफा नभएसम्म पदयात्रामा नजान आग्रह गरिएको हो ।

पदयात्रामा जाँदा जल तथा मौसम विज्ञान विभागबाट जारी हुने आधिकारिक सूचनालाई पालना गर्न, गन्तव्यस्थलका बारेमा प्रयाप्त जानकारी लिई तयारीका साथ जान र खाना तथा आवासका लागि अग्रिम बुकिङ गर्न भनिएको छ । पदयात्रामा जाँदा एक्लै नगई समूहमा जान र हतार नगरी बिस्तारै उचाइतर्फ जान आग्रह गरिएको छ ।

पदयात्रा गर्दा पञ्जा, टोपी, ज्याकेटलगायत न्यानो कपडा, तातोपानीसहितको थर्मस, लेक लाग्दा प्रयोग गरिने औषधि साथमा लिन अनुरोध गरिएको हो । पर्याप्त मात्रामा तातोपानी, जीवनजल, झोलिलो खानेकुरा खान र धुमपान तथा मद्यपान नगर्न आग्रह गरिएको छ ।

## घुमघामको याममा मौसमको चुनौती

**पोखरापत्र संवाददाता**
पोखरा, ११ कार्तिक

मुख्य पर्यटकीययाम चलिरहेका बेला हाल देशभर अचानक मौसममा बदली आएको छ । उच्च पहाडी तथा हिमाली भेगमा हिमपात र वर्षा भइरहेको छ ।

गण्डकी प्रदेशका मुस्ताङ, मनाङ, कास्की, म्याग्दी, गोरखालगायत जिल्लामा पनि प्रतिकूल मौसमका कारण पर्यटकीय गतिविधि प्रभावित बनेको छ । घुमघामको याममा पर्यटकलाई मौसमले चुनौती दिएको हो । सुरक्षित स्थानमा रहेका पर्यटक हिमपातमा रमाइरहेका भए पनि हिमाली भेगको पदयात्रामा निस्केका पर्यटकलाई भने गन्तव्यसम्म पुग्न सास्ती भएको छ । कतिपय ठाउँमा सुरक्षाकर्मी र स्थानीयवासीले हिउँ पन्छाउँदै पर्यटकलाई सुरक्षित स्थानमा पुर्याइरहेका छन् । म्याग्दीको अन्नपूर्ण गाउँपालिका-४ स्थित अन्नपूर्ण आधार शिविरमा पर्यटकको सहजीकरणका लागि जनपद र सशस्त्र प्रहरीको टोली परिचालन गरिएको छ ।

नौ जना अमेरिकी नागरिकसहित अन्नपूर्ण चक्रिय पदमार्गको यात्रामा रहनुभएका पर्यटन पथप्रदर्शक दिवस गुरुङले वर्षा र हिमपातले पदयात्रामा कठिनाइ थपेको बताउनुभयो । लमजुङको बेँसीसहर हुँदै मनाङ जान लागेको उक्त टोली बुधबार मनाङको सदरमुकाम चामे पुग्ने योजनामा छ । "मनाङमा पनि भारी वर्षा र हिमपात भइरहेकाले मौसम हेरेर मात्र हामी

बाँकी अन्तिम पृष्ठमा ▶▶

## उदाउँदो सूर्यलाई अर्घ्य दिँदै पोखरामा छठ सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, ११ कार्तिक

पोखरामा मंगलबार उदाउदो सुर्यलाई अर्ध्य दिई यस बर्षको छठ पर्व धुमधामका साथ मनाइएको छ । सूर्य उपासना र आस्थाको पर्व छठ पर्व मनाउन सूर्यका भक्तहरु फेवातालदेखि सेतीनदी हुँदै मन्दिर र पोखरीसम्म धार्मिक उल्लासका साथ उदाउदो सुर्यलाई अर्घ सहितको फलफुल चढाउदै यस बर्षको छठ पर्व धुमधामका साथ मनाइएको हो ।

सोमबार अस्ताउदो सूर्यलाई अर्ध्य दिनु भएको सुर्यका भक्तहरुले आज बिहान उदाउदो सुर्यलाई अर्घ दिएसंगै यस बर्षको छठ पूजा विधिवत रुपमा समापन भएको छठ पूजा समितिहरुले जनाएकाछन् । तराई-मधेश समुदायका श्रद्धालुहरूले पोखरामै सहज वातावरणमा सूर्यदेवको आराधना गर्न सकून् भन्ने उद्देश्यले पोखराका चार प्रमुख स्थल–फेवाताल किनार स्थित केदारेश्वर महादेवमणि मन्दिर परिसर, नारायणथान मन्दिर, भद्रकाली मन्दिर तलको कमलपोखरी(माछापोखरी) र सेती-कालिखोला संगमस्थित




रिठ्ठाघाट त्रिवेणीधाम–मा विशेष व्यवस्थापन गरिएको थियो ।

चार घाटहरु मध्य सबै भन्दा भिडभाड भने फेवाताल किनारमा भएको थियो । मंगलबार बिहानदेखि पोखरामा सिमसिम पानी परेकोले गर्दा पनि सुर्यका भक्तहरुलाई पूजा गर्न केही कठिनायी भएको नेपाल भारत व्यवसायी संघ (एन.बी.) का पूर्वअध्यक्ष भुनेस कुमारले बताउनु भयो । स्थानिय सरकारले आफुहरुलाई व्यबस्थित छठ घाट बनाउन बिषेश सहयोग गर्नुपर्ने उहाँहरुको माग रहेको छ ।

पोखराको नारायणथान मन्दिर नजिकको नहरबाट पोखरामा छठ पर्व मनाउन सुरु भएको नारायणथान मन्दिर संरक्षण समितिका उपाध्यक्ष विनोद गुप्ताले जानकारी दिनुभयो । आगन्तुक दर्शनार्थी देखि छठ पर्वको रौनक हेर्न आउने महानुभावहरुलाई छठ पूजाको ठेकुवा सहितको प्रसाद समेत वितरण गरिएको छ । नेपाल भारत व्यवसायी संघ (एन.बी.) छठ पूजा समितिको आयोजनामा केदारेश्वर क्षेत्रमा यस बर्ष निकै उत्साहित रुपमा छठ पर्व मनाइएको समितिका अध्यक्ष विश्राम कुशवाहाले बताउनु भयो । रिठ्ठाघाट त्रिवेणीधाम छठ पूजा समितिका अध्यक्ष हरिश्चन्द्र प्रसाद कुशवाहाले सेती र कालिखोला किनारमा टेन्ट, बत्ती र श्रद्धालुका लागि बस्ने व्यवस्था मिलाइएको बताउँदै उहाँले अघिल्ला बर्षको तुलनामा यस बर्ष छठ पर्व मनाउनेको केही कमी भएको जनाउनु भयो ।

त्यस्तै, नेपाल बढी समाज भद्रकाली छठ पूजा समितिका अध्यक्ष तारानन्द शर्माले परम्परा अनुसार केराको खम्बा, उखु, सुन्तला, भोगटे लगायतका फलफूलका बोटहरूले मण्डप सजाउने र सूर्यदेवलाई भगवानका रूपमा अर्घ दिई मनोकामना पूर्तिको कामना गर्दै छठ पूजा यस बर्ष मनाइएको छ । समितिका सचिव रामजुलुस शर्माले आफुहरुले सुर्यको मर्म र भावना अनुसार नेपाली परम्परा अनुसार विधि पूर्वक छठ पर्व विगत ७ बर्ष देखि कमलपोखरीमा धुमधामका साथ छठ पर्व मनाउन थालेको दाबी गर्नुभयो ।

पछिल्ला वर्षहरूमा तराई-मधेश मूलका श्रद्धालुसँगै पहाडी समुदायका मानिसहरू पनि सूर्यदेवको पूजा-आराधनामा सहभागी हुन थाल्नु भएको छ । मनोकामना पूरा हुने विश्वासका साथ यो पर्वले पोखराको सांस्कृतिक विविधता र धार्मिक सौहार्दलाई अझ गाढा बनाउने अपेक्षा गरिएको छ ।



# उत्तर गण्डकी महामेलामा पोखराबाट बृहत् कार ऱ्याली हुने

पोखरापत्र संवाददाता
पोखरा, ११ कार्तिक

स्याङ्जाको गल्याङ नगरपालिका-१, मालुङ्गा र पाल्पाको रम्भा गाउँपालिका-१ को सङ्गमस्थल उत्तरवाहिनी क्षेत्र (कालीगण्डकी तट)मा सञ्चालित उत्तर गण्डकी महामेला दामोदर धर्मोत्सव-२०८२ मा पोखराबाट यही कात्तिक १४ गते बृहत् कार ऱ्याली गरिने भएको छ ।

कालीगण्डकीको महिमालाई विश्वभर प्रचारप्रसार गरी धार्मिक पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यका साथ कालीगण्डकी ज्ञानविज्ञान प्रतिष्ठानको आयोजनामा यही असोज २१ देखि कात्तिक १९ गतेसम्म धार्मिक महोत्सव



सञ्चालन भैरहेको छ ।

महामेलालाई सफल बनाउने उद्देश्यका साथ पोखराबाट बृहत् कार ऱ्याली गर्न लागिएको प्रचारप्रसार उप समिति कास्कीका संयोजक चन्द्रकान्त बरालले जानकारी दिनुभयो । कात्तिक १४ गते बिहान ७.०० बजे पोखरा १७ स्थित बराल फिडदेखि सुरु हुने कार ऱ्याली स्याङ्जाको गल्याङ १ मालुङ्गासम्म गरिने जानकारी दिदै उहाँले उक्त ऱ्यालीमा अधिकत बढी उपस्थित गराउने गरी तयारी भैरहेको जानकारी दिनुभयो ।

कालीगण्डकी ज्ञानविज्ञान प्रतिष्ठानका अध्यक्ष आचार्य चैतन्यकृष्ण जी महाराजका अनुसार यस महामेलामा विश्वभरिकै गण्डकी एवम् शालग्राम भगवानका प्रेमीजन, विद्वान, सन्त तथा आचार्यहरूद्वारा दिव्य शास्त्र एवम् भक्तिको महिमाले परिपूर्ण कथा श्रवण गर्न पाइनेछ ।

महामेलामा करिब पाँच अरब तुलसीपत्र एवम् पवित्र उत्तरबाहिनी गण्डकी जलद्वारा सवा लाख दिव्य शालग्राम शिलाहरूको अभिषेक एवम् पूजन गरिने उहाँले जानकारी दिनुभयो ।

महायज्ञमा भगवान दामोदर, माता गण्डकी, शालग्राम शिला एवम् तुलसी महारानीको नित्य दिव्य महाआरती भैरहेको र विश्वभरका प्रसिद्ध व्यक्तिहरू, धार्मक समाजसेवी, योगीहरू एवम् विशिष्टवक्ताहरुद्वाराविशेषप्रवचन भैरहेको आयोजकले जनाएको छ । महामेलामा उत्तरबाहिनी गण्डकी महास्नान, तीर्थश्राद्ध एवम् उत्तरबाहिनी गण्डकी क्षेत्र परिक्रमा आदि कार्यक्रम पनि सम्पन्न हुने जनाइएको छ ।

# सहारामा जाईकाको स्वयमसेवक

पोखरापत्र संवाददाता
पोखरा, ११ कार्तिक

पोखरा ९ बसपार्कको सहारा बाल आधारभूत विद्यालयमा २ वर्षका लागि युथ एक्टिभिटिज शिर्षककमा जापान अन्तराष्ट्रिय सहकार्य एजेन्सी (जाईका)ले १ स्वयंमसेवक शिक्षक उपलब्ध गराएको विद्यालयका प्रधानाध्यापक लोचना अधिकारीले वताईन् ।

अन्ना चुसिमा नाम गरेको स्वयंमसेवक शिक्षकले आगमी २ वर्ष उक्त विद्यालयमा सेवा गर्नेछिन् । एक कार्यक्रमका विच जाइकाको टोलि सहित अन्नालाई विद्यालयमा स्वागत गरिएको थियो । जाईका भोलेन्टियर सेक्सन नेपालका सिनियर कार्यक्रम प्रमुख राघव कायस्थ, जाईका नेपालका जापानी प्रतिनिधीहरुलाई स्वगत गर्दै विद्यालयका अध्यक्ष विक्रम थकालीले आगमी वसाई फलदाई रहने अपेक्षा सहित शुभकामना




व्यक्त गरे । सोहि क्रममा यस्ता कार्यक्रमहरुले २ देश विचको सम्वन्ध सुमधूर हुने धारणा राख्दै विद्यार्थीहरुले पनि थप नयाँ ज्ञान हाँसिल गर्ने आशा व्यक्त गरे । नव आगन्तुक स्वयंमसेवक अन्नाले पनि आफ्नो परिचय दिदै नेपाल वसाई अत्यन्त अविश्मरणीय रहने विश्वास गरिन । साथै आगमी वसाईमा यहाँको वातवरणमा घुलमिल हुन सम्पूर्ण विद्यालय परिवारलाई सहयोग गरिदिन अनुरोध पनि गरिन । जाईकाका राघव कायस्थले पनि विद्यालय र स्वयंमसेवक शिक्षकको सम्वन्ध प्रगाढ रेहमा कार्यक्रमको उपलब्धि हाँसिलमा सहायत पुग्ने अपेक्षा व्यक्त गरे । विद्यालयका शिक्षक रुद्र बहादुर कार्कीले सञ्चालन गरेको कार्यक्रममा विद्यालयका सम्पूर्ण शिक्षकहरुको उपस्थिति रहेको थियो ।

# पोखरा एभेन्जर्सद्धारा एनपिएलको ट्रफी पोखरामा सार्वजनिक

पोखरापत्र संवाददाता
पोखरा, ११ कार्तिक

नेपाली प्रिमियर लिग (एनपिएल) क्रिकेटमा सहभागी पोखरा एभेन्जर्सले आगामी प्रतियोगिताको ट्रफी पोखरामै विशेष समारोह बीच सार्वजनिक गरेको छ ।

प्रतिकुल मौसमका कारण मंगलबार बिहान ९ बजे पोखरा रंगशालाबाट सुरु हुने भनिएको बाइक र्याली स्थगित भए पनि ट्रफी सार्वजनिक कार्यक्रम तथा पत्रकार भेटघाट भने पोखरा रंगशालामा भएको हो । कार्यक्रममा पोखरा एभेन्जर्सका अध्यक्ष सुबोध त्रिपाठीले यसपटकको लिगमा जित्ने लक्ष्यसहित आन्तरिक तयारी गरेको जानकारी दिनुभयो । उहाँले "सपना देखेर क्रिकेटमा लगानी गरेको" भन्दै केही वर्षमा यसको प्रतिफल देखिने विश्वास व्यक्त गर्नुभयो। पहिलो संस्करणमा अपेक्षित नतिजा




नआए पनि त्यसबाट पाठ सिक्दै यसपटक समयमै खेलाडी प्रशिक्षण सम्पन्न गरिएको उहाँको भनाइ थियो । त्रिपाठीका अनुसार गण्डकी प्रदेशका ४ जना खेलाडी सहित विदेशी खेलाडीसमेत टिममा समावेश हुने तयारी भएको छ । उहाँले गण्डकी प्रदेशका क्रिकेटप्रेमी तथा आम नागरिकलाई पोखरा एभेन्जर्सलाई साथ र सहयोग गर्न आग्रह गर्नुभयो । "ग्रासरुटदेखि क्रिकेटको विकास गरी आफ्नै खेलाडी उत्पादन गर्दै विश्वकप जित्ने सपना लिएका छौं," अध्यक्ष त्रिपाठीले भन्नुभयो । कार्यक्रममा नेपथ्य ब्याण्डका भोकलिष्ट अमृत गुरुङले "कुनै पनि काम पूरा गर्नुअघि सपना देख्न आवश्यक हुन्छ" भन्दै पोखरा एभेन्जर्सलाई सबैको साथ र सहयोग आवश्यक रहेको बताउनुभयो। उहाँले संयुक्त प्रयास भए यसपटक टिमले राम्रो नतिजा ल्याउने विश्वास पनि व्यक्त गर्नुभयो ।

पोखरा एभेन्जर्सका ब्रान्ड एम्बासडर संजिव क्षत्रीले टिमको तयारी सन्तोषजनक रहेको उल्लेख गर्दै "यो वर्ष एभेन्जर्सको प्रदर्शन उत्कृष्ट हुनेछ र प्रदेशबासीलाई गर्व हुने नतिजा आउनेछ" भन्नुभयो ।

८ टोली सहभागी एनपिएल क्रिकेट प्रतियोगिता मंसिर १ गतेदेखि काठमाडौंस्थित टियू अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा सुरु हुने भएको छ । अन्नपूर्ण आधार शिविरबाट पोखरा एभेन्जर्सको जर्सी सार्वजनिक गर्ने तयारी गरिए पनि प्रतिकुल मौसमले गर्दा उच्च हिमाली भेगमा हिमपात र पोखरा क्षेत्रमा मंगलबार बिहानै देखि पानी परेकोले अर्को दिनमा उक्त कार्यक्रम गरिने आयोजकले जनाएको छ । उक्त अवसरमा दुई जना सामाजिक अभियान्ताहरुलाई सम्मान गरिएको छ । कोभिडको समय देखि सडकमा रहेका कुकुरलाई नियमित रुपमा खाना खुवाउदै आउनु भएको झरना नेपाली र सामाजिक अभियान्ता यूटुवर सम्राट थापा मगरलाई सम्मान गरिएको हो ।

# धानको पाँजा रुझेपछि कृषक चिन्तामा

पोखरापत्र संवाददाता
स्याङ्जा, ११ कार्तिक

धान काटेर खेतमै सुकाएको पाँजा रुझाएपछि स्याङ्जाका कृषक चिन्तित बनेका छन् । सोमबार रातिबाटै परेको बेमौसमी सिमसिम वर्षाले धान बालीमा क्षति पुऱ्याएपछि कृषकहरु चिन्तित बनेका हुन् ।

भित्राउन ठिक्क पारेको धानको पाँजा वर्षाले रुझेको छ भने काट्न तयारी अवस्थाका धानका दाना खेतमै झारेको छ । वर्ष दिनसम्म खान तयार धान बाली रुझाएपछि कृषकलाई चिन्ता परेको हो । जिल्लाका हजारौ कृषकले हजारौ हेक्टरमा लगाएको धान खेतमै रुझेको छ । वर्ष भरी खान तयार भएको धान नराम्रोसँग रुझाउँदा आफूलाई चिन्ता बढेको उनीहरुको भनाई छ । तिहार सकिएसँगै भित्र्याउने तयारी गरेको धान रुझाएपछि कृषकलाई वर्षा रोकिदैन कि भन्ने थप चिन्ताले सताएको छ । जिल्ला कृषि ज्ञान केन्द्र स्याङ्जाका प्रमुख विनोद हमालका



अनुसार बेमौसमी सिमसिम वर्षाले जिल्लाका अधिकांश क्षेत्रमा पाकेर तयार धान रुझाएको छ । धान रुझेर कति क्षती पुग्छ त्यस्को विवरण संकलन गर्न समय लाग्ने हमालले बताए ।

हालसम्म परेको वर्षाले ठूलो क्षती नपुगेको भएपनि वर्षा नियमित भए क्षती ठूलो हुने उनले बताए । काटेर पाँजा बनाएर राखेको धान कृषकहरुले त्रिपालले छोपेर राखेका छन् । वर्षा नियमित पर्दैगए त्रिपालले समेत धान जोगाउन मुस्किल हुने स्थानीय कृषकहरुले बताएका छन् । जिल्लाका ११ वटै पालिकामा लगाइएको धान बाली रुझेका छन् । जिल्लाका प्रमुख रुपमा आँधीखोला, कालीगण्डकी, ज्याग्दीखोला, सेतीखोला, दरौखोला किनार, चापाकोट फाँट, रत्नपुर, कुवाकोट, बिरुवा फाँट, गल्याङ, सेतीदोभान, लामागे र ठूलीबेसि फाँटहरु धान खेतीका उर्वर क्षेत्र हुन । जिल्लामा सावित्री, मन्सुरी, रामधान लगाएत हाइब्रिड जातका उन्नत धान खेती गरिन्छ । गएरातिबाट हल्का वर्षा सुरु भएसँगै जिल्लाका धेरै कृषक धान जोगाउन राति नै खेतमा पुगेका थिए । केहीदिन पानी पर्न सक्ने भन्दै मौसमबिद्ले सूचना जारी गरेको भन्दै कृषकले सम्भव हुने धानलाई सुरक्षित तबरबाट राख्न सक्रिय बनेका थिए ।

# पोखरामा घुम्ती साहित्य उत्सव

पोखरापत्र संवाददाता
पोखरा, ११ कार्तिक

प्रकाशन संस्था फाइनप्रिन्टद्वारा आयोजित घुम्ती साहित्य उत्सव 'फाइनप्रिन्ट फिभर' बुधबार पोखरामा हुँदैछ ।

एकदिने उक्त साहित्य उत्सवमा विभिन्न लेखक तथा कलाकारले पाठकसँग प्रत्यक्ष संवाद गर्नेछन् ।

कार्यक्रममा महानायक राजेश हमाल, लेखक सुविन भट्टराई र डा नवराज केसी सहभागी हुने स्थानीय आयोजक र्‍यान्डम रिडर्स सोसाइटीले जनाएको छ । महानायक हमालको हालै प्रकाशित पुस्तक 'युगदेखि युगसम्म', लेखक भट्टराईको 'चमेलीको फूल, बैजनी रुमाल' र डा केसीको 'स्वस्पर्श'बारे विभिन्न सत्रमा छलफल हुनेछ ।

महानायक हमालसँग अपिल त्रिपाठी, लेखक डा केसीसँग उपेन्द्र पौडेल र सुविन भट्टराईसँग सनिशा भट्टराईले संवाद गर्नुहुने कार्यक्रम छ । उक्त अवसरमा लेखकसँग पुस्तक हस्ताक्षर कार्यक्रम पनि रहेको छ । न्यूरोडको सिटी स्क्वायर ब्याङ्क्वेटमा आयोजना हुने साहित्य उत्सव अपराह्न २:०० देखि सुरु भई साँझ ६ बजेसम्म सञ्चालन हुनेछ । कार्यक्रममा प्रवेश निःशुल्क गरिएको स्थानीय आयोजक र्‍यान्डम रिडर्स सोसाइटीले जनाएको छ ।

यसअघि चितवनलगायत जिल्लामा 'फाइनप्रिन्ट फिभर' आयोजना गरिएको थियो ।

## घुमघामको...

अगाडि बढ्छौं", उहाँले भन्नुभयो, "मौसमको प्रतिकूलताका कारण पदयात्राको अवधि केही लम्बिन सक्छ ।" मनाङ हुँदै थोरङ भञ्ज्याङ पार गरेर मुस्ताङ, म्याग्दी हुँदै पोखरा फर्किने योजना रहको उहाँले सुनाउनुभयो ।

खुलेको मौसममा हिमाल र डाँडाकाँडा हेर्दै पदयात्रा गर्न नपाए यात्रा खल्लो हुने पदयात्री पर्यटक बताउँछन् । शरद् ऋतुमा पनि अहिले आकाश धुम्म छ । झरी परिरहेको छ । हिमाल र पाखापखेरु बादलले ढाकिएका छन् । पदयात्रामा जाने तयारीमा रहेका कतिपय पर्यटकले मौसमकै कारण यात्रा रद्ध गरेका छन् । यो याममा स्वच्छ र शान्त वातावरणमा हिमाली र पहाडी भेगको सौन्दर्य नियाल्न आन्तरिक तथा बाह्य पर्यटकहरू अन्नपूर्ण संरक्षण क्षेत्रलगायत विभिन्न गन्तव्यस्थलको भ्रमणमा जाने गर्छन् । अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)का प्रमुख डा रवीन कडरियाले मौसम प्रतिकूल हुँदा पर्यटन क्षेत्र प्रभावित बनेको बताउनुभयो । "तिहारलगत्तै मुस्ताङ, मनाङलगायत ठाउँमा पर्यटकको चहलपहल बढेको थियो, यहीबेला मौसम बिग्रिँदा पर्यटक आवागमन प्रभावित हुन पुगेको छ", उहाँले भन्नुभयो, "हिमपात र वर्षाका कारण अन्नपूर्ण क्षेत्रमा पर्यटक अलपत्र वा कुनै समस्यामा परेको अहिलेसम्म कुनै जानकारी प्राप्त भएको छैन, घुम्न नपाए पनि पर्यटकहरू सुरक्षित रूपमा होटलमा बसेका छन् ।" मुख्य पर्यटकीय याममै मौसम प्रतिकूल हुँदा पर्यटकीय गतिविधि सुस्त हुने आयोजना प्रमुख डा कडरियाले बताउनुभयो । कात्तिक पदयात्राका लागि उपयुक्त महिना भएकाले मौसम खुल्नासाथ पर्यटकीय चहलपहल पुनः बढ्ने उहाँको विश्वास छ ।

अन्नपूर्ण क्षेत्र प्राकृतिक सौन्दर्य, जैविक विविधता, हिमाली जनजीवन, संस्कृति आदि कारणले पर्यटकको रोजाइमा पर्ने गरेको छ । कास्की, लमजुङ, मनाङ, म्याग्दीलगायतका मार्गबाट अन्नपूर्ण क्षेत्रको छोटो, मध्यम र लामो दुरीको पदयात्रा गर्न सकिन्छ । सडक मार्ग हुँदै पनि यस क्षेत्रका विभिन्न गन्तव्यस्थलमा पुग्न सकिन्छ । अन्नपूर्ण संरक्षण क्षेत्रमा पर्ने म्याग्दी र मुस्ताङका पर्यटकीयस्थलमा गएरातिदेखि नै हलुका वर्षा र हिमपात सुरु भएको थियो । जल तथा मौसम विज्ञान विभागले आज ती जिल्ला भारी वर्षा भएको जनाएको छ । विभागका अनुसार मनाङको चामेमा पछिल्लो २४ घण्टामा ६४.४ मिलिमिटर र मुस्ताङको जोमसोममा ५१.२ मिलिमिटर वर्षा भएको छ । वर्षा र हिमपातका कारण जोखिम निम्तन सक्ने भन्दै मुस्ताङ, म्याग्दी, कास्कीलगायत जिल्लामा स्थानीय प्रशासनले जोखिमयुक्त ठाउँमा पदयात्रामा नजान आग्रह गरेका छन् । जिल्ला प्रशासन कार्यालय, कास्कीले आज सार्वजनिक सूचनामार्फत प्रतिकूल मौसमका कारण उत्पन्न हुने जोखिम र लेक लाग्न सक्ने समस्यालाई दृष्टिगत गरी अन्नपूर्ण आधारशिविर, मर्दी हिमाल, खुमैडाँडा, कोरीलगायतका ठाउँमा मौसम सफा नभएसम्म पदयात्रामा नजान आग्रह गरेको हो । पदयात्रामा जाँदा जल तथा मौसम विज्ञान विभागबाट जारी हुने आधिकारिक सूचनालाई पालना गर्न, गन्तव्यस्थलका बारेमा प्रर्याप्त जानकारी लिई तयारीका साथ जान र खाना तथा आवासका लागि अग्रिम बुकिङ गर्न भनिएको छ । पदयात्रामा जाँदा एक्लै नगई समूहमा जान र हतार नगरी विस्तारै उचाइतर्फ जान आग्रह गरिएको छ । पदयात्रा गर्दा पञ्जा, टोपी, ज्याकेटलगायत न्यानो कपडा, तातोपानीसहितको थर्मस, लेक लाग्दा प्रयोग गरिने औषधि साथमा लिन अनुरोध गरिएको हो । पर्याप्त मात्रामा तातोपानी, जीवनजल, झोलिलो खानेकुरा खान र धुमपान तथा मद्यपान नगर्न कार्यालयले सूचनामार्फत आग्रह गरेको हो ।

# उत्तरी गोरखामा हिमपातहुँदा मनास्लु क्षेत्र भ्रमणमा गएका पर्यटक प्रभावित

पोखरापत्र संवाददाता
गोरखा, ११ कार्तिक

उत्तरी गोरखाका विभिन्न गाउँमा हिमपात भएको छ । चुमनुब्री गाउँपालिकाका विभिन्न गाउँबस्तीमा गए रातिदेखि हिमपात भइरहेको त्यहाँका स्थानीयले जनाएका छन् ।

हिमपात भएपछि जनजीवन प्रभावित भएको चुमनुब्री गाउँपालिका-७ का पासाङफुञ्जो लामाले जानकारी दिनुभयो । "गए राति हल्का पानी पर्न सुरु भएको थियो । राति नै हिउँ पर्न थाल्यो । अहिलेसम्म पनि हिउँ परिरहेको छ", उहाँले भन्नुभयो, "अहिले मान्छेहरू घरभित्रै आगो तापेर बसिरहेका छन्, चौंरीहरू पनि भित्रको भित्रै छन् ।" सो वडाको तीन हजार मिटरभन्दा धेरै उचाइमा रहेका निले, छुले, पाङ्दुन, लार, फुर्पे, लामागाउँ, बुर्जी, जोङ, छेकमलगायत गाउँ हिउँले ढाकिएका छन् । त्यस्तै वडा नं १ को सामागाउँ, साम्दो, वडा नं २ को स्याला, ल्होलगायतका गाउँ पनि हिउँले ढाकिएको छ ।

हिउँ परेपछि मनास्लु क्षेत्र भ्रमणमा गएका पर्यटक पनि प्रभावित भएका छन् । पाँच हजार १०६ मिटर अग्लो स्थानमा रहेको लार्केपासमा गएका पर्यटक सामागाउँ, साम्दोमै रोकिएका स्थानीयले बताएका छन् ।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६
छाला तथा यौन रोगहरूका लागि
महिलाहरूमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरूमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते
पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरूको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार
जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन
उपचार गर्ने रोगहरू :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

जनताले लेख्ने उपन्यास नै इतिहास हो । – एल्फ्रेड डे

## सम्पादकीय

# विप्लवको सर्वपक्षीय सरकारको माग

भदौ २३ र २४ गतेको जेनजी आन्दोलनपछि अलमलमा परेका राजनीतिक दलहरु सडकमा आउन थालेका छन । जेनजी आन्दोलनको बलमा बनेको सुशीला कार्की नेतृत्वको सरकारले राजनीतिक दलहरुसंग संवाद भन्दा प्रतिशोधमा जान खोज्दा सडकमा जाने वातावरण बन्दैछ ।सत्ताबाट हटाइएका पुराना दलभन्दा सत्तामा नगएका दलले सडक आन्दोलन रोजेका छन।विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीले कात्तिक २० गतेसम्म जनसंघर्षका कार्यक्रमहरू घोषणा गरेको छ। असोज २५ देखि ३० गते केन्द्रीय कार्यालय कपिलवस्तुमा बसेको केन्द्रीय समितिको विशेष बैठकले जनसंघर्षका कार्यक्रम घोषणा गरेको जनाएको छ।

बैठकको निर्णयअनुसार कात्तिक १३ गतेसम्म भित्ते लेखन गर्नेछ। संसदीय चुनावमा भाग नलिएको र सत्ताको खबरदारी गर्दै आएको नेकपाले सर्वपक्षीय अन्तरिम सरकार गठनको माग उठाएको छ। चुनाव गराउने म्याण्डेट पाएको सरकारका काम कार्वाही हेर्दा पहिलेकै जस्तो सरुवा बढुवा र विदेश भ्रमण प्राथमिकतामा परेका छन । पुराना र नयाँ दलहरू आन्तरिक विवादमा रुमलिदा सुशीला कार्की नेतृत्वको सरकारलाई चुनावी वातावरण बनाउन भन्दा आन्दोलन गर्नेलाई आमन्त्रण गरेजस्तो भएको छ । नेकपाले सर्वपक्षीय अन्तरिम सरकार गर, भ्रष्टाचारको निष्पक्ष छानबिन गर, उच्चस्तरीय छानबिन आयोग गठन गर, भ्रष्टाचारीहरूलाई कारबाही गर्न विशेष न्यायालय गठन गर, अग्राधिकारसहितको समाजवाद निर्माण गर, दलाल प्रकृतिका गैरसरकारी संस्थाहरू खारेज गर, जेनजीमाथि भएको दमनको निष्पक्ष छानबिन गर, युवाहरूका लागि रोजगारीको ग्यारेन्टी गर लगायतका नारा तय गरेको छ।

नेकपाले तय गरेका आन्दोलनका कार्यक्रममा कात्तिक १५ गते देशव्यापी मसाल जुलुस प्रदर्शन गर्ने, कात्तिक १७ गते देशव्यापी विरोध प्रदर्शनसहित कोणसभा गर्ने र कात्तिक २० गते काठमाडौँमा बृहत् जनसभा गर्ने निर्णय गरेको छ । नेकपाका महासचिव नेत्रविक्रम चन्द विप्लवले कात्तिक २० गते काठमाडौँमा आयोजना हुने जनसभामा सहभागी हुन स्वाधीनता र समाजवादका पक्षधरहरूलाई आह्वान गरेका छन् । जेनजी आन्दोलन र अन्तरिम सरकार आईएनजीओ र विदेशी शक्तिको आडमा बनेको आरोप लागेको छाभूराजनीतिक कारण सरकार अपदस्त हुने र बन्ने गरेको घटनाक्रमले देखाउन थालेको छाविप्लवले नेपाललाई अरूले नभई आफैँले फेर्ने हो भन्दै जब भ्रष्ट, कमिसनखोर, तस्करहरू समाप्त हुन्छन् तब देशले आत्मसम्मानसहित उन्नति हासिल गर्ने स्पष्ट पारेका छन् ।

'नेपाललाई अरूले होइन हामी आफैँले फेर्ने हो । अरूले होइन नेपालीले नै चलाउने हो। जब भ्रष्ट, कमिसनखोर, तस्कर, दलाल, परजीवीहरू समाप्त हुनेछन् देशले आत्मसम्मानसहित उन्नति हासिल गर्नेछ । स्वाधीनता र समाजवादका पक्षमा उभिन कात्तिक २० गते काठमाडौँमा भेटौँ साथीहरू', उनले सामाजिक सञ्जालमा लेखेका छन् । शुरुमा काङ्ग्रेस एमाले गठबन्धन सरकारलाई हटाउन एक भएका दल र शक्तिहरु अहिले विदेशीको हात देख्न थालेका छन । नेपाली उखान ",,,,,,,,,, सकें, दैलो पनि देखें " भनेजस्तै भएको छानिर्वाचित संसदले बनाएको सरकारलाई सडकबाट हटाउन र संसद विघटनलाई समर्थन गर्दाको परिणाम अझै देखिनेछ। राजनीतिक दलले तत्कालको मुद्दालाई प्रमुख बनाएर विदेशी चलखेललाई मलजल गर्दा दलको हातबाट फुस्तेकेर जाँदा के अवस्था आउँछ भन्ने पुर्वराजा ज्ञानेन्द्रको कदम बुझ्ने पुग्छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाब | तुला | : आर्थिक समस्या |
| वृष | : ब्यापारमा लाभ | वृश्चिक | : कार्यमा सफलता |
| मिथुन | : शत्रुको भय | धनु | : सहयोग मिल्नेछ |
| कर्कट | : झमेला बढ्ने | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : शुभ यात्रा | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : स्वास्थ्यमा सुधार | मीन | : शारीरिक झमेला |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# बजेट अभावमा तङ्ग्राम स्वास्थ्यचौकी भवन अधुरै

**पोखरापत्र संवाददाता**
बागलुङ, ११ कार्तिक

काठेखोला गाउँपालिका-४ स्थित तङ्ग्राम आधारभूत स्वास्थ्य चौकीको भवन बजेट अभावमा अधुरो रहेको छ। स्वास्थ्यचौकीको भवन नहुँदा यहाँका नागरिकले सहज रूपमा सेवा पाउन सकेका छैनन् । अस्थायी रूपमा अहिले पाहुना घरबाट सेवा सञ्चालनमा आइरहेको छ।

तङ्ग्रामको धाकखोलामा गत वर्ष जग्गा व्यवस्थापनपछि निर्माण थालिएको भवन अधुरै रहेको छ । अहिलेसम्म तङ्ग्राम स्वास्थ्यचौकीको आफ्नै भवन नहुनु दुःखद रहेको भन्दै स्थानीयको अगुवाइमा धाकखोलामा सात रोपनी जग्गा व्यवस्थापनपछि निर्माण थालिएको भवन निर्माण अलपत्र जस्तै बनेको हो।

गाउँपालिकाका अध्यक्ष राजु थापाको समन्वयमा रु सात लाख र तङ्ग्रामकै पूर्ववडाध्यक्ष केशव थापाको व्यक्तिगत रु तीन लाख गरी रु १० लाखमा जग्गा खरिद गरेर सङ्घीय सरकारको रु ३८ लाखमा भवन निर्माण थालिए पनि गत असारदेखि काम ठप्प छभने भवन अहिले अलपत्र जस्तै देखिएको छ । सङ्घीय सरकारको रु ३८ लाख लागतमा उपभोक्ता समितिमार्फत भवन निर्माण थाले पनि गत वर्ष चैतमा मात्रै गाउँपालिकासँग सम्झौता गर्दा पूरै बजेटसमेत खर्च गर्न नसक्दा समस्या भएको जग्गा व्यवस्थापक तथा पूर्ववडाध्यक्ष थापाले जानकारी दिनुभयो। स्वास्थ्यचौकी नबन्दा थापाले जनताको सेवाका लागि आफ्नो कार्यकालमा रु ३३ लाख खर्चेर निर्माण गरेको पाहुनाघरमा स्वास्थ्य चौकीको सेवा प्रवाह भइरहेको जानकारी दिनुभयो । विसं २०८१ चैत ३१ गते सम्झौता भएर असारमा काम सक्नुपर्ने भएकाले रु ३८ लाख बजेटमा जम्मा रु ३३ लाख ६५ हजार मात्रै खर्च भएको थापाले बताउनुभयो । "काठखोलामा आफ्नै स्वास्थ्यचौकी नभएको तङ्ग्राममा मात्रै हो, त्यसैले जसरी पनि स्वास्थ्यचौकी बनाउनुपर्छ भनेर लागियो, रु १० लाखमा सात रोपनी जग्गा मेरै अगुवाइमा व्यवस्थापन भयो, तर सङ्घीय सरकारले स्वास्थ्यचौकी निर्माणका लागि पठाएको बजेट गाउँपालिकाले ढिलो सम्झौता गर्दा सबै बजेट कार्यान्वयन भएन", थापाले भन्नुभयो, "तङ्ग्राम ठूलो गाउँमा आफू वडाध्यक्ष हुँदा निर्माण गरेको पाहुना घरमा स्वास्थ्य चौकीको सेवा दिइरहेका छौँ, यसअघि सामुदायिक भवनमा थियो, गाउँपालिकाले समेत यस वर्ष बजेट विनियोजन नगर्दा स्वास्थ्यचौकी भवन अलपत्र पऱ्यो ।" गाउँपालिकाले ठेक्कामा लैजाने भन्दै रोकेर गत चैत ३१ गते उपभोक्ता समितिलाई सम्झौता गर्दा रात दिन लगाएर तीन महिनामा एक तला पक्की र एक तला जस्ताले छाए पनि अन्य काम गर्न नसकिएको उपभोक्ता समितिका अध्यक्ष दीपक परियारले जानकारी दिनुभयो । चालु आर्थिक वर्षमा गाउँपालिका, प्रदेश सरकार र सङ्घीय सरकारबाट बजेट व्यवस्थापन नभएकाले स्वास्थ्यचौकी भवन यस वर्षसमेत अधुरै हुने देखिएको छ । गाउँपालिका अध्यक्ष थापाले प्रदेश सरकार र सङ्घीय सरकारबाट बजेट आउने आशा भए पनि आउन नसक्दा काम अधुरै रहेको बताउनुभयो । उहाँले प्रदेश सरकारमा अझै पहलकदमी भइरहेको र चालु आर्थिक वर्षमा बजेट नआउने देखिएमा गाउँपालिकाले हिउँदेसभाबाट भए पनि बजेट संशोधन गरेर स्वास्थ्यचौकीको भवन पूरा गर्ने प्रतिबद्धता जनाउनुभयो ।

स्वास्थ्य चौकीको आफ्नै भवन नहुँदा सेवा प्रवाहमा चुनौती भएको तङ्ग्राम आधारभूत स्वास्थ्य चौकीका प्रमुख गणेश शर्माले जानकारी दिनुभयो । स्वास्थ्य केन्द्रमा अहिले बर्थिङ सेन्टर र प्रयोगशालासमेत सञ्चालनमा छ। पाहुना घर सञ्चालनका लागि ल्याइएका लाखौंका सामग्रीसमेत अहिले प्रयोगविहीन भएका छन् ।

# माइक्रो बस दुर्घटना एकको मृत्यु



**पोखरापत्र संवाददाता**
तनहुँ, ११ कार्तिक

पृथ्वीराजमार्ग सडकअन्तर्गत तनहुँको आँबुखैरेनी गाउँपालिका-२ एक्लेफाँटमा आज माइक्रो बस दुर्घटनाका एक घाइतेको मृत्यु भएको छ।

प्रहरीका अनुसार मृत्यु हुनेमा चितवनको भरतपुर महानगरपालिका-१६ निवासी ५५ वर्षीया बुधमाया तामाङ रहेकी छन् । दुर्घटनामा परी टाउकामा गम्भीर चोट लागेकी ती महिलाको उपचारका क्रममा आँबुखैरेनी अस्पतालमा मृत्यु भएको प्रहरी नायब उपरीक्षक श्रवणकुमार विकले जानकारी दिनुभयो । चितवनबाट लमजुङतर्फ जाँदै गरेको बा.प्र.०३-००१ ज ०९३७ नम्बरको माइक्रो बसमा १४ जना सवार थिए। बसका चालकले नियन्त्रण गुमाई सडक छेउको भित्तामा ठक्कर खाई सडक छेउमा रोकिराखेको नेपाल विद्युत् प्राधिकरणको बा१ञ १२८७ नम्बरको सवारी साधनको पछाडि ठोकिन जाँदा उक्त दुर्घटना भएको हो।

दुर्घटनामा परी माइक्रो चालक लमजुङ बेँसीशहर नगरपालिका-८ बस्ने ४२ वर्षीय ईश्वरकुमार श्रेष्ठ, चितवन भरतपुर महानगरपालिका-१६ बस्ने ४५ वर्षीया शान्तामाया तामाङ, सोही स्थान निवासी ३७ वर्षीय डोलराज तामाङ, सोही नगरपालिका-२८ लोखरी बस्ने ४८ वर्षीय कमई तामाङ, ४२ वर्षीय गङ्गाबहादुर तामाङ, ४२ वर्षीया होमकुमारी तामाङ, १५ वर्षीया रश्मी तामाङ, ४१ वर्षीया गममाया तामाङ, ३० वर्षीया मङ्गली तामाङ र निजकी छोरी ५ वर्षीया सिर्जना तामाङ घाइते भएका छन्।

त्यसैगरी जिल्ला लमजुङ दोर्दी गाउँपालिका-४ बस्ने २० वर्षीया गङ्गा तामाङ, सोही गाउँपालिका-८ बस्ने ६३ वर्षीया मैतीमाया तामाङ र जिल्ला नवलपरासी पूर्व देवचुली नगरपालिका-१७ बस्ने ४७ वर्षीया इन्द्रकुमारी तामाङ घाइते भएका हुन् । सबै घाइतेको आँबुखैरेनी अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ।

# चार विधामा 'गलकोट कप' भलिबल प्रतियोगिता हुँदै

**पोखरापत्र संवाददाता**
पोखरा, ११ कार्तिक

जिल्ला भलिबल सङ्घ बागलुङको आयोजना र गलकोट नगर भलिबल सङ्घको संयोजनमा यही कात्तिक १७ देखि ३० गतेसम्म विभिन्न चार विधामा 'गलकोट कप' भलिबल प्रतियोगिता सञ्चालन हुने भएको छ।

खुला वडास्तरीय पुरुष भलिबल, खुला पालिकास्तरीय महिला भलिबल, भेट्रान्स कप र माध्यमिक विद्यालयस्तरीय पुरुष भलिबल प्रतियोगिता आयोजना गर्न लागिएको गलकोट नगर भलिबल सङ्घका अध्यक्ष एवं कार्यक्रम संयोजक होमबहादुर थापाले जानकारी दिनुभयो।

गलकोट-६ बसाहफाँटमा सञ्चालन हुने चारवटै विधाका प्रतियोगितामा अहिलेसम्म ५१ समूह सहभागी हुने निश्चित भइसकेको उहाँले बताउनुभयो । उहाँका अनुसार भेट्रान्स कपका लागि १६, खुला वडास्तरीय पुरुष भलिबलमा १२, माध्यमिक विद्यालयस्तरीय पुरुष भलिबलमा १६ र खुला पालिकास्तरीय महिला भलिबल प्रतियोगितामा सात समूह सहभागी हुनेछन् ।

खुला प्रतियोगिता भएकाले जुनसुकै जिल्लाका पालिका र वडाका समूहले सहभागिता जनाउन सक्ने अध्यक्ष थापाले बताउनुभयो। प्रतियोगिताको खुला पुरुषतर्फको खेलका विजेताले ट्रफी र मेडलसहित रु दुई लाख एक हजार १११, उपविजेताले रु एक लाख एक हजार १११ र तेस्रो हुनेले रु ५१ हजार १११ पुरस्कार प्राप्त गर्नेछन् । भेट्रान्स कप भलिबको विजेताले ट्रफी र मेडलसहित रु एक लाख, उपविजेताले रु ६० हजार र तेस्रो स्थान हासिल गर्नेले रु ३५ हजार पुरस्कार प्राप्त गर्नेछन् । खुला पालिकास्तरीय महिला भलिबल प्रतियोगिताका विजेताले ट्रफी र मेडसहित रु ५१ हजार १११, उपविजेताले रु ३० हजार १११ र तृतियले रु १५ हजार १११ प्राप्त गर्नेछन् । माध्यमिक विद्यालयस्तरीय पुरुष भलिबल प्रतियोगिताको विजेतालाई ट्रफी र मेडलसहित रु ३५ हजार, उपविजेतालाई रु २० हजार र तृतीयलाई रु १० हजार पुरस्कार प्रदान गरिने कार्यक्रम संयोजक थापाले बताउनुभयो। उक्त अवसरमा विविध खेलकुद तथा सांस्कृतिक कार्यक्रमको पनि आयोजना गरिएको उहाँको भनाइ छ। सामूहिक लोकनृत्य प्रतियोगिता, एकल नृत्य प्रतियोगिता, खुला डबल ब्याडमिन्टन प्रतियोगिता, आमासमूहस्तरीय पञ्चेबाजामा नृत्य प्रतियोगिता र माछा छोप्ने प्रतियोगिता आयोजना गरिएको छ। सामूहिक लोकनृत्य प्रतियोगिताको प्रथम, द्वितीय र तृतीय पुरस्कार क्रमशः रु २५ हजार, रु १५ हजार र रु सात हजार राखिएको छ। एकल नृत्यतर्फ रु १५ हजार, रु १० हजार र रु सात हजार राखिएको छ । डबल ब्याडमिन्टन प्रतियोगितामा प्रथम हुनेलाई रु ३५ हजार र दोस्रो हुनेलाई रु २० हजार प्रदान गरिनेछ। पञ्चेबाजामा हुने नृत्यमा प्रथम हुनेलाई रु १० हजार, दोस्रो हुनेलाई रु पाँच हजार र तेस्रो हुनेलाई रु दुई हजार ५०० पुरस्कारको व्यवस्था गरिएको छ । स्थानीय दरमखोलामा हुने माछा छोप्ने (हत्केला खेल्ने) प्रतियोगिताका विजेतालाई रु १० हजार पुरस्कार प्रदान गरिने कार्यक्रम संयोजक थापाले बताउनुभयो । कार्यक्रम अवधिभर विभिन्न विधाका कलाकारको साङ्गीतिक प्रस्तुति रहने उहाँले उल्लेख गर्नुभयो।

# मुस्ताङ र मनाङमा भारी वर्षा

**रासस**
काठमाडौं, ११ कार्तिक

पश्चिमी वायुका साथै अरब सागरबाट उत्पन्न न्यून चापीय प्रणालीका कारण मौसम बदली हुँदा मनाङ र मुस्ताङमा मंगलबार भारी वर्षा भएको छ।

जल तथा मौसम विज्ञान विभागका सूचना अधिकारी दिनकर कायस्थका अनुसार मंगलबार मनाङ र मुस्ताङमा भारी वर्षा अभिलेख भएको हो । विभागका अनुसार मनाङको चामेमा पछिल्लो २४ घण्टामा ६४.४ मिलिमिटर वर्षा भएको छ। त्यसैगरी मुस्ताङको जोमसोममा ५१.२ मिलिमिटर वर्षा भएको छ। पचास मिलिमिटरदेखि १०० मिलिमिटरसम्मको वर्षालाई भारी वर्षामा मापन गर्ने गरिन्छ । अन्य धेरै जिल्लामा मध्यमसम्म वर्षा भएको विभागले जनाएको छ । अहिले ३:४० बजेसम्मको अभिलेख अनुसार डोल्पाको दुनैमा ३६, जुम्लामा १३ मिलिमिटर वर्षा भएको छ। पछिल्लो १२ घण्टामै बागलुङ, पर्वतमा २४ मिलिमिटर, प्यूठानमा २१.८ मिलिमिटर, सिन्धुपाल्चोकमा २९.६ मिलिमिटर वर्षा भएको छ। चितवनमा २३ र लमजुङमा २७ मिलिमिटर वर्षा भएको छ। हिमाली क्षेत्रमा बाक्लो हिमपात भएको छभने तल्लो भेगमा वर्षा भइरहेको विभागले जनाएको छ । काठमाडौँ उपत्यकामा चिसो बढे पनि वर्षा भने हल्का भएको छ।

मंगलबार राति बागमती, गण्डकी र कर्णाली प्रदेशका उच्च पहाडी तथा हिमाली भू-भागका केही स्थानमा भारी हिमपात र वर्षाको सम्भावना रहेको जनाइएको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणकी प्रवक्ता शान्ति महतले वर्षा र हिमपात जारी रहेकाले आवश्यक सावधानी अपनाउन सबैमा अनुरोध गर्नुभएको छ।

# थानीमाई मन्दिरमा एकैदिन ८६ फूलका डोली भित्रिए

**पोखरापत्र संवाददाता**
तनहुँ, ११ कार्तिक



जिल्लाको भानु नगरपालिका-७ स्थित प्रसिद्ध धार्मिकस्थल थानीमाई मन्दिरमा आज एकैदिन ८६ वटा फूलको डोली भित्रिएका छन् । तनहुँबाट ३५, लमजुङबाट २५, गोरखाबाट १२, चितवनबाट आठ, पोखराबाट चार, नवलपरासी र काठमाडौँबाट एक/एक गरी ८६ फूलका डोली भित्र्याइएको हो।

मन्दिर संरक्षण समितिका अध्यक्ष जीवन थापा मगरले सोमबार सत्यनारायणको पूजा गरी तयार गरिएका फूलका डोली मन्दिरमा चढाउने परम्परा रहेको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "सात सय जना भक्तजनले रातभर जाग्राम बसेर बत्ती बालेका छन् भने आठ हजार ८७७ जनाले दर्शन गरेका छन् । विसं २०७२ मा एकैदिन एक सय १५ वटा डोली भित्र्याइएको थियो । त्यसपछि आजकै दिन धेरै फूलको डोली आएको हो।" कात्तिकको पहिलो मङ्गलबार औँशी परेकाले फूलको डोली भित्र्याइएको हो । यहाँ एकादशी, औँशी, सोह्रश्राद्ध र साउन महिनाभर मन्दिरको ढोका खोलिदैन । विशेष गरी कात्तिक र माघ महिनामा यहाँ ठूलो मेला लाग्ने र अन्य महिनामा भने सामान्य हुने गरेको सो समितिले जनाएको छ। मनोकाङ्क्षा पूरा हुने विश्वासका साथ देशका विभिन्न ठाउँबाट भक्तजन पूजाअर्चनाका लागि यहाँ आउने गर्दछन् । भक्तजनले फूलको डोली र पञ्चेबाजासहित थानीमाई मन्दिरमा नाचगान गर्दै तीन पटक परिक्रमा गर्छन् । परिक्रमापछि थुम्कामा रहेको मन्दिर परिसरमा रहेका देवलमा डोलीसँगै लगिएको तोरणलाई तीन फन्का घुमाएर बाँध्ने गरिन्छ भने त्यसपछि मन्दिरभित्र प्रवेश गरी आफ्नो भाकल पूरा भएको भन्दै पूजा गर्ने गरिन्छ । आज मन्दिरमा फूलको डोली चढाउनेको भीड लागेको थियो । भक्तजनले चढाएको भेटी र दान गरी आज मात्र करिब रु ९० हजार सङ्कलन भएको मन्दिर संरक्षण समितिका सचिव हर्कबहादुर थापाले बताउनुभयो । हाल मन्दिरसम्म पुग्ने सडक निर्माण गरिएकाले भक्तजनको स‌ख्या पनि बढ्न थालेको छ । यस्तै, समुद्री सतहबाट एक हजार २०० मिटरको उचाइमा अवस्थित यहाँबाट गोरखाको लक्ष्मीबजार, लिगलिग कोट, पालुङटार, राइनासकोटलगायत हिमशृखला देख्न पाइने भएकाले पनि आकर्षण बढ्दै गएको छ।

# हिमपात हुँदा किसान र पर्यटन व्यवसायी उत्साहित

**सुन्दरकुमार थकाली**
मुस्ताङ, ११ कार्तिक/रासस



जलवायु परिवर्तनका कारण लगातार तीन वर्षसम्म राम्ररी हिउँ पर्न नसकेको हिमाली जिल्ला मुस्ताङमा यस वर्ष कात्तिकमै हिउँ परेको छ। मंगलबार बिहानदेखि परेको हिउँ निरन्तर परिरहेको छ। अक्सर मङ्सिर महिनाको अन्त्यतिर पर्नुपर्ने हिउँ कात्तिकमा नै परेको हो।

मुस्ताङवासीले केही वर्षयता भारी मात्राको हिमपात देख्न पाएका थिएनन्। जसका कारण यहाँको कृषि, पर्यटन र जैविक विविधतामा नकारात्मक असर पुऱ्याएको थियो। यहाँ यस वर्ष समून्द्री सतहको तीन हजार मिटरमाथिको उचाइमा हिमपात भएको हो। मुक्तिनाथ र उपल्लो मुस्ताङको घमीदेखि माथि बस्ती तथा उच्चलेकमा हिमपात भइरहेको छ।

प्रसिद्ध धार्मिकस्थल मुक्तिनाथ मन्दिर र त्यसआसपासका क्षेत्रमा हिउँ पर्ने क्रम रोकिएको छैन। वारागुङ मुक्तिक्षेत्र-३ छुसाङदेखि तल्लो क्षेत्रका बस्तीमा निरन्तर वर्षा भइरहेको छभने बस्तीदेखि माथिका उच्चलेकमा हिउँ परेको छ। मनाङहुँदै थोरङलापास पदमार्ग, जोमसोम, ठिनी हुँदै तिलिचो जाने नमुखलेकदेखि मेसोकोन्दो पास पदमार्ग र धौलागिरि आइसफलको धम्पुस पिक पदमार्गलगायत स्थानमा बाक्लो हिउँ पर्दा पदमार्ग अवरुद्ध भएका छन्। उपल्लो मुस्ताङको कोरला सडकमा पनि हिउँ पर्दा सवारीसाधन जान सकस छ। स्थानीय प्रशासनले यसअघि नै सार्वजनिक सूचना प्रकाशित गरी उच्च स्थानका पर्यटकीय पदमार्गमा यात्रा नगर्नसमेत आग्रह गरिसकेको छ। यहाँको मुक्तिनाथ क्षेत्रमा भारी हिमपात हुँदा मुक्तिनाथ दर्शन गर्ने दर्शनार्थीहरू सकसमा परेका छन्। वर्षासँगै हिमपात हुँदा मुक्तिनाथ दर्शन गर्ने दर्शनार्थीलाई हिउँले सास्ती पुऱ्याएको छ।

मुक्तिनाथ पुगेका दर्शनार्थी हिमपातसँगै चिसो अत्यधिक बढेका कारण र स्नानकुण्डमा हिउँ जमेका कारण स्नान गर्ने र १०८ धारामा नुहाएर मन्दिरको दर्शन गर्नसक्ने अवस्था नरहेको बताइएको छ। जसोतसो मुक्तिनाथ दर्शन गरी फर्किएका सवारीसाधन तथा यात्रु सडकमा जमेको हिउँका कारण खिङ् गाबाट तल झर्न सक्ने अवस्था नरहेको वारागुङ मुक्तिक्षेत्र-१ का वडाध्यक्ष प्रवेश गुरुङले जानकारी दिनुभयो।

यहाँको प्रहरी प्रशासनले पनि कागबेनीदेखि मुक्तिनाथसम्मको सडकमा यात्रा नगर्नु भनेर अनुरोध गरेको बताइएको छ। अहिलेसम्म हिमपातका कारण स्थानीय र पर्यटकको दैनिक जनजीवन प्रभावित भए पनि हिउँका कारण कुनै पनि मानवीय तथा भौतिक क्षति नभएको प्रशासनको भनाइ छ।

वडाध्यक्ष गुरुङले हिमाली क्षेत्रमा अनुकूल समय हिमपात हुनु स्वाभाविक भए तापनि यस वर्ष कात्तिकमै हिउँ पर्दा आश्चर्य तुल्याएको बताउनुभयो। हिउँले कृषि, पर्यटन र पशुपालन क्षेत्रलाई फाइदा पुग्ने भए पनि बाक्लो हिमपातका कारण स्याउलगायतका बोटबिरुवालाई आंशिक क्षति पुऱ्याएको वडाध्यक्ष गुरुङको भनाइ छ।

मुस्ताङमा स्याउको पोस्ट हार्भेस्ट अन्तिम चरणमा पुगेको छ। स्याउको पोस्ट हार्भेस्ट सकिएलगत्तै मङ्सिरमा यहाँका स्याउका बोट पात झरेर उजाड हुन्छन्। "स्याउको पात झर्ने बेला यसप्रकारको हिउँ परेको भए राम्रो हुन्थ्यो, केही छिटो हिउँ पऱ्यो", वडाध्यक्ष गुरुङले भन्नुभयो, "तैपनि हिउँले आशिंक असर पुऱ्याए पनि समग्रमा अहिले परेको हिउँले कृषक, पर्यटन व्यवसायी र जैविक विविधतालाई राम्रो फाइदा पुगेको छ।"

यस वर्ष कात्तिकमा नै परेको हिउँले उच्चलेकको चरन क्षेत्रमा पशुपालनका लागि निकै राम्रो हुने भेटेरिनरी अस्पताल तथा पशुसेवाविज्ञ केन्द्रका प्रमुख डा लालमणि अर्यालले जानकारी दिनुभयो। जलवायु परिवर्तनका कारण अनुकूल समयमा हिउँ नपर्दा उच्चलेक चरन क्षेत्रमा घाँस पलाउन छोडेको र अनधिकृत घाँस पलाउने गर्दा पशुपालन व्यवसाय सङ्कटमा पर्दै गइरहेकामा यस वर्षको हिउँले पशुपालकका लागि चरन क्षेत्र सहज हुने अपेक्षा उहाँले गर्नुभयो। अनुकूल मौसममा हिउँ नपर्दा उच्चलेकका वन्यजन्तु आहाराको खोजीमा बस्ती नजिक आउने गर्दा मानव र हिउँ चितुवाबीचको द्वन्द्व बढेको थियो। चरन क्षेत्रमा पर्याप्त मात्रामा घाँस पलाउन सकेमा पशुपालक र वन्यजन्तुका लागि राम्रो हुने डा अर्यालले उल्लेख गर्नुभयो। यसैगरी यस वर्षको हिमपातले यहाँ स्याउलगायत अन्नबालीलाई राम्रो फाइदा पुग्ने कृषि ज्ञान केन्द्रका प्रमुख राजेश गुरुङको भनाइ छ। स्याउ हार्भेस्ट सकेर अर्को महिना स्याउ बगैँचा व्यवस्थापन गर्ने पूर्वसन्ध्यामा परेको हिउँ किसानका लागि बरदान साबित भएको केन्द्र प्रमुख गुरुङको भनाइ छ। उहाँका अनुसार हिमपातले कृषकको अन्नबाली उत्पादन गर्ने जमिनको माटोलाई मुलायम बनाउने र यसले जमिनको भित्री तहसम्म 'रिचार्ज' गर्ने भएकाले कृषि उपजका लागि हिउँ पर्नु शुभ सङ्केत मानिएको उहाँको भनाइ छ। हिउँदयामको पूर्वसन्ध्यामा परेको हिउँले स्याउ, उवा, फापर, जौ, मकैलगायतका अन्नबाली उत्पादनमा सिँचाइको काम गर्ने जनाइएको छ। हिउँले यहाँको रैथानेबालीमा लाग्ने रोगकिराको सङ्क्रमणलाई समेत न्यूनीकरण गर्ने भएकाले उत्पादन क्षमता पनि अभिवृद्धि गर्ने केन्द्र प्रमुख गुरुङको भनाइ छ।

यस वर्ष थप दुई/तीन पटक यही हिसाबले हिउँ परेमा मुक्तिनाथ क्षेत्रमा राष्ट्रिय स्की प्रतियोगिता आयोजना गर्न सकिने मुक्तिनाथस्थित होटल ग्रान्ड साम्वलाका सञ्चालक सुरज गुरुङले जनाउनुभयो। विगत तीन वर्षदेखि मुस्ताङमा राम्ररी हिउँ नपर्दा राष्ट्रिय स्की प्रतियोगिता आयोजना गर्न नसकिएको सञ्चालक गुरुङको भनाइ छ। नेपाल स्की सङ्घले तीन वर्षअघि लगातार तीन संस्करणमा मुक्तिनाथ क्षेत्रमा राष्ट्रिय स्की प्रतियोगिता सम्पन्न गरिसकेको गुरुङले जानकारी दिनुभयो। "यहाँ तीन वर्षदेखि हिउँ राम्ररी परेको थिएन, यो वर्ष कात्तिकमै हिउँ पर्न थालेको छ", सञ्चालक गुरुङले भन्नुभयो, "यस्तै रफ्तारले हिउँ पर्दै गएमा स्की प्रतियोगिता आयोजना गर्न सकिन्छ होला, पर्याप्त हिउँ जमेमा मुक्तिनाथ पाखोमा स्की टोलीलाई खबर गर्नेछौँ।"

यहाँ भइरहेको हिमपातले पर्यटन प्रवर्द्धनमा टेवा पुऱ्याउने जनप्रिय युवा क्लबका अध्यक्ष कैसाङ ठोक्या ठकुरीले उल्लेख गर्नुभयो। हिउँ खेल्न र हिउँसँगै रमाउन पर्यटक मुस्ताङ आउनसक्ने भएकाले यहाँको पर्यटन प्रवर्द्धनमा सघाउ पुऱ्याउने अध्यक्ष ठकुरीको भनाइ छ। "हिउँ छिटो परेकाले जमिनमा अडिन समय लाग्न सक्छ, यस्तै तरिकाले दुई/तीन दिनसम्म हिउँ परेमा यहाँका बस्ती र डाँडा झनै सेताम्मे हुने भएकाले हिउँ निरन्तर पर्नुपर्ने आवश्यकता रहेको छ", अध्यक्ष गुरुङले भन्नुभयो।

# पर्यटक भन्छन्: 'मानुङकोटको सुन्दरताले लोभ्यायो'

**पोखरापत्र संवाददाता**
दमौली, ११ कार्तिक

"सामाजिक सञ्जालमा मानुङकोटका दृश्य देखेका थियौँ, आज प्रत्यक्ष आँखाले हेर्दा झनै मनमोहक लाग्यो", पोखराकीलक्ष्मीकार्कीलेभन्नुभयो, "यहाँबाट देखिने सूर्योदय, हिमशृङ्खलाले लोभ्यायो।"

पोखराबाट सोमबार बिहान २:०० बजे गाडी भाडामा लिएर व्यास नगरपालिका-५ मानुङकोट आउनुभएकी उहाँले मानुङकोटको सुन्दरता टिकटक र फेसबुकमा हेरेभन्दा अझ राम्रो लागेको उल्लेख गर्नुभयो। उहाँले भन्नुभयो, "मानुङकोटका बारेमा धेरै सुनेका थियौँ, साथीहरूसँग सल्लाह गरेर चार जना मिलेर आएका हौँ।"

काठमाडौँबाट आउनुभएकी लुनिभा श्रेष्ठले मानुङकोटको सुन्दरताले मोहनी लगाउने धारणा राख्नुभयो। उहाँले भन्नुभयो, "आउन मन भए पनि पहिला विविध कारणले आउन सकिराखेकी थिइँन, अहिले तिहार बिदाका कारण यहाँ आउने वातावरण जुऱ्यो, दृश्यले लोभ्यायो।" दमौलीका सुदीप गफ्फारले यतिबेला मानुङकोटमा पर्यटकको अत्यधिक चहलपहल भएकाले होटल व्यवसायीसँग पहिल्यै सम्पर्क गरेर आउनुपर्ने अवस्था रहेको बताउनुभयो। चिसो मौसम सुरु भएसँगै मानुङकोटमा यतिबेला दैनिक पर्यटकको चहलपहल बढेको छ। हाल दैनिक एक हजारभन्दा बढी पर्यटक मानुङकोट पुग्ने गरेका छन्।

सोमबार बिहान करिब दुई हजार पर्यटकले मानुङकोटबाट दृश्यावलोकन गरेका छन्। मानुङकोटस्थित अम्ब्रेला रेष्टुराँका सञ्चालक शैलेश सुनामले यतिबेला मानुङकोटमा पर्यटकको सिजन रहेको जानकारी दिँदै दसैँ तिहारसँगै पर्यटकको चहलपहल बाक्लिएको बताउनुभयो। चिसो मौसममा सूर्योदय, कुहिरो, सूर्यास्तले यहाँ आउने पर्यटक लोभिने गरेको उहाँको भनाइ छ। उहाँले भन्नुभयो, "अहिलेका बेला भनेको पर्यटकको चाप हुने समय हो, पहिल्यै आफ्नो बस्ने स्थान सुरक्षित गरेर आउँदा सहज हुन्छ। हामीले प्रतिव्यक्ति रु एक हजार २०० मा रातको बास, खाना र बिहानको नास्ता उपलब्ध गराइरहेका छौँ।" उहाँले आफ्नो रेष्टुराँमा दैनिक ७० जना बास बस्ने क्षमता रहेको जानकारी गराउनुभयो।



मानुङकोटमा पर्यटक उक्लिनेक्रम बढेपछि यहाँ होटल खुल्नेक्रम बढेको छ। विगतमा होटल नरहेको यस ठाउँमा अहिले एक दर्जन सञ्चालनमा छन्। दृश्यावलोकनका लागि व्यास नगरपालिकाले दृश्यावलोकन स्तम्भ निर्माण गरेको छ भने सुरक्षाका लागि डाँडाको छेउमा रेलिङ हालेको छ। रेलिङसँगैको भागमा हालै पैदलमार्ग निर्माण गरिएको छ।

मानुङकोटबाट धौलागिरि, माछापुच्छ्रे, अन्नपूर्ण, मनास्लु, लमजुङ हिमालको दृश्यावलोकन गर्न सकिन्छ। दमौली बजारलाई कुहिरोले ढाक्नुलाई पौराणिक कथासँग पनि जोडिएको छ। परापूर्वकालमा महर्षि वेदव्यासका पिता परासर ऋषिले सत्यवतीसँग सम्भोग गर्न इच्छा प्रकट गर्दा लोकलाई पत्तो नहोस् भनेर कुहिरो उत्पन्न गराइदिएको धार्मिक किंवदन्ती रहँदै आएको छ।

मानुङकोटमा पर्यटक बढेपछि गाउँ छाडेर सहर झरेका पनि पुनःमानुङकोट उक्लिएर व्यवसाय गर्न थालेका छन्। खानेपानीको अभावमा यहाँका स्थानीयवासीले गाउँ छाडेका थिए। बजारको प्रशोधित जार र ट्याङ्करको पानीले मानुङकोटमा अहिले पानीको विकल्प दिइरहेको छ।

मानुङकोट जाने सडक कालोपत्र भइसकेको छ। सहरी विकास मन्त्रालयको आर्थिक लगानीमा मानुङकोटसम्म पुग्ने सडक कालोपत्र गरिएको हो। अलैँचेबाट मानुङकोटसम्मको चार हजार ३०० मिटर सडक कालोपत्र भएको हो। कालोपत्र गर्न अप्ठ्यारो रहेको ठाउँमा १८० मिटर आरसिसी ढलान गरिएको व्यास नगरपालिका कार्यालयले जनाएको छ।


## शिक्षक आवश्यकता

यस श्री भगवती आधारभूत विद्यालय, पोखरा-२२, कालाबाङ घरेडीमा तपसिल बमोजिमको अस्थायी करार दरबन्दीको शिक्षक आवश्यक भएको हुँदा वि.व्य.स.को २०८२/७/११ गतेको निर्णय र शिक्षा महाशाखाको अनुमतिमा योग्यता पुगेका नेपाली नागरिकहरुबाट दरखास्त आह्वान गरिएको छ।

**१. विज्ञापन नं.** : १/२०८२, **२. तह:** प्रा.वि. तृतिय,
**३. पद संख्या** : १ (एक),
**४. आवश्यक शैक्षिक योग्यता** : +2 वा सो सरह उत्तीर्ण गरेको र सम्बन्धित तहको अध्यापन अनुमतिपत्र प्राप्त गरेको,
**५. उमेर** : १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको,
**६. तलब तथा सेवा सुविधा** : नेपाल सरकारको प्रचलित नियमानुसार,
**७. दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरू:** नेपाली नागरिकताको प्रमाण पत्र, शैक्षिक योग्यता र अध्यापन अनुमति पत्रका प्रतिलिपी २/२ प्रति,
**८. दरखास्त दिने मिति:** २०८२/७/१२ देखि २०८२/७/२६ गतेसम्म
**९. दरखास्त दिने स्थान** : श्री भगवती आधारभूत विद्यालय, पोखरा-२२, कालाबाङ घरेडी, कास्की
**१०. परीक्षाको किसिम** : लिखित र अन्तरवार्ता
**११. परीक्षा दस्तुर** : रु.७५०/- (सात सय पचास रुपैया)
**१२. सम्पर्क मिति** : २०८२/०७/२७ गते
**१३. परीक्षा मिति** : सम्पर्क मितिमा तोकिने छ।
**१४. सम्पर्क:** ९८४६३६६८८२

प्रधानाध्यापक
**श्री भगवती आधारभूत विद्यालय**
**पोखरा-२२, कालाबाङ घरेडी, कास्की**


# अन्नपूर्ण आधार शिविर क्षेत्रमा सुरक्षाकर्मीको टोली परिचालन

**पोखरापत्र संवाददाता**
म्याग्दी, ११ कार्तिक

मौसममा आएको खराबी र हिमपातका कारण अन्नपूर्ण प्रथम आधार शिविर क्षेत्रमा भ्रमणमा गएका पर्यटकको सहजीकरणका लागि सुरक्षाकर्मीको टोली परिचालन गरिएको छ।

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-४ नारच्याङमा अवस्थित अन्नपूर्ण आधार शिविर क्षेत्रमा गएरातिदेखि भारी मात्रामा हिमपात भइरहेको छ।

अत्यधिक मात्रामा पर्यटकको आगमन भइरहेको र सञ्चारको पहुँच नभएकाले पर्यटक बिरामी पर्ने तथा अलपत्र पर्ने जोखिम भएकाले गाउँपालिकासँगको समन्वयमा पर्यटकको सहजीकरणका लागि नेपाल प्रहरी र सशस्त्र प्रहरीको टोलीलाई आधार शिविर जाने 'मौरिस हर्जोग' पदमार्गमा परिचालन गरिएको प्रमुख जिल्ला अधिकारी बद्रीप्रसाद तिवारीले जानकारी दिनुभयो। उहाँका अनुसार हिमाली उद्धारकर्मीका रूपमा परिचित इन्द्रसिंह शेरचनसमेत सहभागी उक्त टोली नारच्याङ भएर हुमखोला हुँदै आधार शिविर क्षेत्रमा प्रस्थान गरेको छ। अन्नपूर्ण आधार शिविर क्षेत्रमा सञ्चारको पहुँच नभएका कारण पर्यटक भारी हिमपातका कारण समस्यामा पर्नसक्ने जोखिमलाई ध्यानमा राखेर आवश्यक सतर्कता अपनाइएको छ।

जल तथा मौसम विज्ञान विभागद्वारा जारी मौसम बुलेटिनअनुसार आगामी शुक्रबारसम्म हिमाली क्षेत्रमा हिमपात र वर्षाको सम्भावना रहेकाले उक्त अवधिमा अन्नपूर्ण आधार शिविर जान पूर्ण रूपमा रोक लगाइएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ।

गाउँपालिकाले समेत सूचना जारी गरेर मौसम खराबीका कारण हिमपात भएका अन्नपूर्ण आधार शिविर, खोप्रालेक, मोहरेडाँडा, पुनहिललगायतका हिमाली क्षेत्रको भ्रमणमा निस्किएका पर्यटकलाई सुरक्षित भएर बस्न र सतर्कता अपनाउन आग्रह गरेको छ।

# 'कम्युनिष्ट पार्टी नेपाल' दल दर्ताका लागि निवेदन

**रासस**
काठमाडौं, ११ कार्तिक

नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको 'कम्युनिष्ट पार्टी नेपाल'ले निर्वाचन आयोगमा मंगलबार दल दर्ताका लागि निवेदन दिएको छ।

आयोगको कार्यालय, बहादुर भवनमा पुगेर सो पार्टीका नेता सन्तोष बुढामगर, प्रवक्ता खड्गबहादुर विश्वकर्मा 'प्रकाण्ड' सहितले दल दर्ताको निवेदन दिनुभएको हो। आयोगका कार्यवाहक प्रमुख आयुक्त रामप्रसाद भण्डारीसहितका पदाधिकारीले निर्वाचनमा गएर दलहरूको समर्थन लिने लोकतान्त्रिक अभ्यासमा लागेकामा सो दलका नेता-कार्यकर्तालाई धन्यवाद दिनुभयो। आयुक्त भण्डारीले विशेष परिस्थितिमा आगामी फागुन २१ गतेका लागि निर्धारित प्रतिनिधिसभाको निर्वाचनलाई सफल तुल्याउन राजनीतिक दल र सम्बद्ध पक्षसँगको परामर्शमा आयोगले काम गर्ने विश्वास दिलाउनुभयो। नेता विश्वकर्माले लोकतान्त्रिक आन्दोलनलाई पुनः सङ्गठित गर्दै मुलुकका विभिन्न कम्युनिष्ट पार्टीसँग एकता र सहकार्यका लागि वार्ता भइरहेको बताउनुभयो। उहाँले समाजवाद स्थापनाका लागि सिद्धान्तनिष्ठ सच्चा कम्युनिष्ट पार्टी र त्यसको नेतृत्वको प्रश्नमा आफूहरू केन्द्रित रहेको पनि जानकारी दिनुभयो।

विसं २०७७ फागुन २० गते सरकारसँगको सहमतिपछि विप्लव समूह तत्कालीन अर्धभूमिगत अवस्थाबाट मूलधारको राजनीतिमा आएको थियो।


## शिक्षक आवश्यकता

आमाघर पाठशाला पोखरा महानगरपालिका वडा नं. २२ पुम्दीभुम्दीको लागि केहि दक्ष, अनुभवी शिक्षकहरुको आवश्यकता परेको हुँदा इच्छुक सम्भावित तपसिलमा उल्लेखित नेपाली नागरिकबाट यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र दरखास्त आव्हान गरिन्छ।

| क.स. | पद | तह | विषय | संख्या | न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|
| १. | शिक्षक | आधारभूत तह | अंग्रेजी | १ | स्नातक/बि एड/अध्ययनरत्त |
| २. | शिक्षक | आधारभूत तह | गणित | १ | स्नातक/बि एड/अध्ययनरत्त |
| ३. | शिक्षक | आधारभूत तह | विज्ञान | १ | स्नातक/वि.एस्सी/अध्ययनरत्त) |

**१. छनौट प्रक्रिया:** लिखित, अन्तर्वार्ता र कक्षा अवलोकन।
**२. पेश गर्नुपर्ने कागजातहरु:** हस्तलिखित निवेदन, व्यक्तिगत विवरण, शैक्षिक योग्यताका प्रमाणपत्रहरु, अनुभवको प्रमाणपत्र, नेपाली नागरिकताको फोटोकपि पेश गर्नुपर्नेछ।
**३. सेवा सुविधा** : संस्थाको नियमानुसार हुनेछ।
**४. दरखास्त दिने मिति** : २०८२/०७/१२ देखि १८ गतेसम्म कार्यालय समय भित्र।
५. सार्वजनिक विदाको दिन कार्यालय वन्द रहनेछ।
६. निवेदन दिने अन्तिम दिन बिदा परेमा सो पश्चात खुल्ने दिनलाई अन्तिम दिन मानिने छ।
निवेदन दिने स्थान :

**आमाघर पाठशाला**
पोखरा-२२, पुम्दीभुम्दी, कास्की,
Email: aamaghar68@gmail.com
मोवाइल : ९८०६५४८९२३, ९८५६०३३२०५